नेपाल सरकार
कृषि विकास मन्त्रालय
जलवायु प्रकोप समुत्थान निर्माण आयोजना
(कृषि व्यवस्थापन सूचना प्रणाली)
पूजा प्रतिष्ठान मार्ग, मध्य बानेश्वर, काठमाडौँ, नेपाल

# -हरेक किसानले जान्नै पर्ने केही महत्वपूर्ण कुराहरु-

| मौसम | जलवायु | जलवायु परिवर्तन |
|---|---|---|
| मौसम भन्नाले कुनै पनि स्थानको तत्कालको अवस्था जस्तै बर्षा, हावा, घाम, बादल आदिलाई जनाउँदछ। | जलवायु भन्नाले कुनै पनि ठाउँको लामो समयको मौसमी अवस्थाको औसतलाई जनाउँदछ। | जलवायु परिवर्तन भन्नाले कुनै स्थानमा लामो समय सम्म रहिरहेको (३० वर्षको) जलवायुको अवस्थामा आएको विभिन्न खाले परिवर्तनलाई बुझाउँदछ। |
| मौसमी अवस्था केही दिन सम्मको लागि मात्र हुन्छ। | यो लामो समय सम्म उस्तै अवस्थामा हुन्छ। | विशेषत तापक्रम र बर्षातमा परिवर्तन देखिन्छ। |



१. दक्षिण पश्चिम मौसमी प्रभावले पारेको न्यूनतम ७५ मि.मी. वर्षातको अवधिमा खेत जोत्नु राम्रो हुन्छ।
२. दक्षिण पश्चिम मौसमी समय न्यूनतम २० मि.मी. को वर्षामा मात्र मलखाद प्रयोग गर्नु उत्तम हुन्छ।
३. यदि १२ घण्टा सम्म लगातार वर्षात हुन्छ भन्ने भविष्यवाणी छ भने सो अवधिमा कुनै पनि विषादी छर्किनु र मलखाद प्रयोग गर्नु हुन्न।
४. आगामी कम्तिमा ६ घण्टा भित्रमा कुनै पनि वर्षा हुने सम्भावना नहुने अवस्थामा विषादी छर्कदा सावधानी अपनाउनु जरुरी हुन्छ।



आकाशबाट परेको पानी मापन गर्ने यन्त्रलाई रेनगेज भनिन्छ। पानी मापन मि.मी. मा गरिन्छ। यो उपकरण कुनै निश्चित स्थानमा निश्चित समय अवधि (सामान्यतया २४ घण्टा) मा परेको पानी नाप्न प्रयोग गरिन्छ।

हावाको तापक्रम मापन गर्न थर्मोमीटर प्रयोग गरिन्छ। हावाको तापक्रमलाई सामान्यतया डिग्री सेन्टिग्रेड इकाईमा मापन गरिन्छ। चित्रमा थर्मोमिटर देखाइएको छ। यो थर्मोमिटरले २४ घण्टा भित्रको अधिकतम र न्युनतम तापक्रम मापन गर्छ।




**"कृषि कर्मको लागि मौसमको भविष्यवाणी जति महत्वपूर्ण हुन्छ, त्यति नै महत्वपूर्ण विगतको मौसमी विवरणको हुन्छ।"**

## धान



*अधिकतम तापक्रम* (३६ – ३८° से)
*उपयुक्त तापक्रम* (३० – ३२ से)
*न्युनतम तापक्रम* (१० – १२° से)

## गहुँ



*अधिकतम तापक्रम* (३० – ३२° से)
*उपयुक्त तापक्रम* (२५° से)
*न्युनतम तापक्रम* (३ – ४° से)

## मकै



*अधिकतम तापक्रम* (३५° से)
*उपयुक्त तापक्रम* (२५ - ३०° से)
*न्युनतम तापक्रम* (२०° से)

## मौसमी अवस्था अनुसार हुन सक्ने कीराको प्रकोप

**फट्याङ्ग्रो:**



सुख्खा र तातो हावा बहयो भने

**गवारो:**



औसत हावाको तापक्रममा घटी भए लगत्तै भएको वर्षामा

**फौजी कीरा:**



केही समयको सुख्खा पछि भएको भारि वर्षामा

**पतेरो :**




- तातो मौसम, बदली, छोटो छोटो अवधिको वर्षात् को कारण
- पानी पर्ने मौसम सकिने बेलामा यसको प्रकोप बढ्छ
- चहकिलो घाम लाग्दा यो लुक्छ र सुख्खा मौसममा यो खासै देखा पर्दैन

**काँडादार खपटे हिस्पा:**



तातो ओसिलो हावाको कारण

## गाईभैसी

| रोग र केही लक्षणहरु | | खोप दिने समय |
|---|---|---|
| **खोरेत**<br>• ज्वरो १०४-१०६ डिग्री फरेनहाइट<br>• घाँसपात नखाने , झोक्राउने, ऱ्याल काढ्ने<br>• गिजा र जिब्रोमा स-साना फोका आउने, खुरको बीच भागमा रातो भएर घाउ देखिने र खुट्टा खोच्याउने |  | भाद्र मसान्त र फाल्गुण मसान्त (प्रत्येक ६ महिनामा) |
| **भ्यागुते**<br>• उच्च ज्वरो आउने<br>• घाँटी वरीपरीको भाग तथा जिब्रो सुन्निने<br>• फिंज काढ्ने |  | बर्षात शुरु हुनु भन्दा अघि (बार्षिक रुपमा) |
| **चरचरे**<br>• उच्च ज्वरो आउने<br>• फिलाको मांशपेसी सुन्निने र दुख्ने<br>• सुन्निएको ठाँउमा थिच्दा चरचर आवाज आउने |  | बर्षात शुरु हुनु भन्दा अघि (बार्षिक रुपमा) |
| **पटके**<br>• धेरैजसो कुनै लक्षण नदेखाई अचानक मर्ने<br>• ज्वरो आउने र आँखा रातो हुने<br>• पेट ढाडीने र सास फेर्न गाह्रो हुने<br>• आँखा, नाक, मलद्वार, मुत्रद्वारबाट नजमेको रगत बाहिर आउने |  | बर्षात शुरु हुनु भन्दा अघि (बार्षिक रुपमा) |

## भेडाबाख्रा

| रोग | केही लक्षणहरु | रोकथाम |
|---|---|---|
| **पी.पी.आर.**<br> | • १०६ देखि १०८ डिग्री फरेनहाइट सम्म ज्वरो आउँछ<br>• घाँसपानी खान छोड्छ र आँखा राता हुन्छ<br>• गिजा र जिब्रोतिर घाउ देखिन थाल्छ र बिस्तारै मुखतिर पनि फैलिन्छ<br>• छेरौटे लाग्छ<br>• खोक्ने र आँखाबाट चिप्राहरु आउने र नाकबाट बाक्लो पहेलो सिंगान बग्ने गर्छ | • शुरुमा ३ महिनाको उमेर पुगेपछि पहिलो पल्ट खोप लगाउने र बर्षेपिच्छे दोहोऱ्याउने (विशेषगरी फाल्गुण/चैत्र महिनामा) |
| **मुआलो**<br> | • मुख वरीपरी घाउँ आउँदछ र पछि पाप्रा बन्दछ<br>• मुखको चेपबाट प्राय: शुरु हुने यस्तो घाउ क्रमश: मुख वरीपरी, जिब्रोतिर, कान वरीपरी, खुट्टाको छालातिर, कल्चौडा, सुत आदिको वरीपरी समेत घाउ देखापर्छ<br>• घाँसपानी खान छोड्छ र दुब्लाउँदै जान्छ | • आँखा, नाक, मुख (थुतुनो) लाई मनतातो पानीले सफा कपास भिजाई दिनमा २ पटक सफा गर्नुपर्दछ र हिमक्स मलम लगाइदिनु पर्दछ<br>• रोग लाग्न नदिन ३ महिना भन्दा माथिका भेडा-बाख्रामा सो रोगको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ |

## कुखुरा

| रोग | | केही लक्षणहरु |
|---|---|---|
| रानीखेत |  | • सास फेर्न गाह्रो हुन्छ<br>• चुच्चो र नाकबाट पानी जस्तो बाक्लो पदार्थ निस्किन्छ<br>• टाउको झट्काउने र घांटी तान्ने/बट्टारने गर्दछ<br>• हरियो रंगको निकै गन्हाउने छेर्छ<br>• अनुहार, आँखा र घांटी सुन्निछ<br>• सिउर , लोती पहेंलो हुने र पछि निलो रंगमा बदलिन्छ<br>• फुल पार्न कम हुन्छ |
| गम्बोरो |  | • सुरुमा झोक्राउने र प्वाँख गुजमुजीएर बस्छ<br>• टाउको र घांटी कपकपाउने भई पछि सम्पूर्ण शरीर काम्ने हुन्छ र शारीरिक सन्तुलन गुमाई एकापट्टी मात्र ढल्कने गर्छ<br>• ज्वरो आउने र आँखाबाट पानी बग्ने हुन्छ<br>• घांटी तन्काउने र टाउको केही तल झुकाउने हुन्छ<br>• पानीजस्तो सेतो छेर्छ |
| कक्सीडियोसिस |  | • प्वाँख खस्रो हुने, रगतको कमि, शरीर पहेंलो हुने<br>• रोग लागेको पाचौं दिन पछि रगत मिसिएको छेर्ने<br>• चल्लाहरु एकै ठाउँमा जम्मा भई आँखा चिम्लीएर बस्ने,चलमल नगर्ने |

## कुखुरा

| कुखुरामा हिटस्ट्रोक के हो ? | बच्ने उपाय |
|---|---|
| कुखुराको लागि आरामदायी तापक्रम ७०-८० डिग्री फरेनहाइट (२०-२५ डिग्री सेल्सियस) हो। यो तापक्रम भन्दा बढी भएमा कुखुरालाई तनाव पर्न जान्छ किनकी कुखुराहरुमा पसिनाका ग्रन्थी हुदैन। बढी तापक्रम भएमा कुखुराले दाना कम खाने, अण्डा उत्पादन कम गर्ने, श्वास-प्रश्वास चाँडो-चाँडो गर्छ। | • गर्मी मौसममा खोरलाई ठण्डा राख्ने व्यवस्था मिलाउनु पर्छ, प्रयाप्त हावा छिर्ने वातावरण मिलाउनु पर्छ<br>• छाना माथि खर वा परालले ढाकी समय समयमा पानी छर्कनु पर्छ<br>• कुखुरालाई सफा, ताजा र ठण्डा पानी पर्याप्त दिनु पर्छ<br>• पानीको भाँडाको संख्या बढाउन पनि सकिन्छ<br>• पानीमा इलेक्ट्रोलाइट, ग्लुकोज र भिटामिन सी मिलाएर दिनु पनि उचित हुन्छ। |

कृषि तथा पशुपंक्षीबारे विभिन्न जानकारीको लागि : पैसा न लाग्ने टोल फ्री नम्बर : १६६००१७७७७(कृषि विकास मन्त्रालय), १६६०२३४५५५(झापा), १६६०२९५६५५५( संखुवासभा), १६६०२५५६००० (सुनसरी), १६६०११६२००० (काभ्रे), १६६०५६५२११५ (चितवन), १६६०५३५५००० (बारा), १६६०७१५२०००(रुपन्देही), १६६०८३५२०००(सुर्खेत), १६६०८१५२००० (बाँके), १६६०८७५२०० (जुम्ला), १६६०९१५२००२(कैलाली), ४४८२७०५ र ४४८२२२९(जलवायु प्रकोप समुत्थान निर्माण आयोजना)
हाम्रो कृषि मोबाइल एप प्रयोग गर्न www.namis.gov.np मा लगइन गरी डाउनलोड गर्नुहोस्।